मिति २०८०।१०।१४ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको विशेष बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री कर्ण बहादुर मगरज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको पदाधिकारीहरुको उपस्थितिमा बसी निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन स्थानः तीनपाटन गाउँ कार्यपालिकाको कार्यालयको सभाहल।

बैठक सञ्चालन मितिः २०८०।१०।१४ गते।

बैठक बसेको समयः बिहान ११.०० बजे।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | गाउँ कार्यपालिका अध्यक्ष | [signature] |
| २. | श्री धन बहादुर पुलामी अशोक | गाउँ कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३. | श्री गोविन्द बहादुर राउत | वडा अध्यक्ष, १ नं. वडा | [signature] |
| ४. | श्री मुकुन्द प्रसाद पौडेल | वडा अध्यक्ष, २ नं. वडा | [signature] |
| ५. | श्री लाल बहादुर स्याङ्तान | वडा अध्यक्ष, ३ नं. वडा | [signature] |
| ६. | श्री खड्ग बहादुर भुजेल | वडा अध्यक्ष, ४ नं. वडा | [signature] |
| ७. | श्री भुपाल सिंह तामाङ | वडा अध्यक्ष, ५ नं. वडा | [signature] |
| ८. | श्री बीर बहादुर पुलामी | वडा अध्यक्ष, ६ नं. वडा | [signature] |
| ९. | श्री युवराज पहाडी | वडा अध्यक्ष, ७ नं. वडा | [signature] |
| १०. | श्री कृष्ण प्रसाद गौतम | वडा अध्यक्ष, ८ नं. वडा | [signature] |

Scanned with CamScanner

मिति २०८०।१०।१४ गते बसेको तीनपाटन गाउँपालिका, सिन्धुलीको गाउँ कार्यपालिकाको बैठकको उपस्थिति, प्रस्ताव र निर्णय

| क्र.सं. | पदाधिकारीको नाम, थर | पदाधिकारीको दर्जा | उपस्थिति |
|---|---|---|---|
| ११. | श्री मोहन बहादुर गौतम | वडा अध्यक्ष, ९ नं. वडा | |
| १२. | श्री पुण्यहरी भुजेल | वडा अध्यक्ष, १० नं. वडा | |
| १३. | श्री तिलक बहादुर बस्नेत क्षेत्री | वडा अध्यक्ष, ११ नं. वडा | |
| १४. | श्री तारामाया श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री गंगामाया तामाङ | गाउँ कार्यपालिका सदस्य | गंगा |
| १६. | श्री सिम कुमारी आले | गाउँ कार्यपालिका सदस्य | सिम |
| १७. | श्री युवमाया मस्राङ्गी | गाउँ कार्यपालिका सदस्य | युवमाया |
| १८. | श्री कमल बहादुर दमै | गाउँ कार्यपालिका सदस्य | |
| १९. | श्री लोक बहादुर विक | गाउँ कार्यपालिका सदस्य | |
| | श्री पदम बहादुर बस्नेत, प्रमुख प्रशासकीय अधिकृत | गाउँ कार्यपालिका सचिव | |
| | अन्य उपस्थितिः | | |
| | श्री | | |

**प्रस्तावहरू**

| प्रस्ताव नं. | प्रस्तावको विषय | सम्वन्धित शाखा/ वडा/विषयगत समिति |
|---|---|---|
| १. | आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि संघीय समपुरक र विशेष अनुदान माग गर्ने सम्वन्धमा। | योजना शाखा |
| २. | आगामी आर्थिक वर्ष २०८१।०८२ का लागि प्रदेश समपुरक र विशेष अनुदान माग गर्ने सम्वन्धमा। | योजना शाखा |

Scanned with CamScanner

| | | |
|---|---|---|
| ३. | करार सेवामा रहेका कर्मचारीहरूको करार सम्झौता नवीकरण सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ४. | घरभाडा सम्झौता नवीकरण सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ५. | वडा भवन निर्माण कार्यको म्याद थप सम्बन्धमा। | पुर्वाधार विकास शाखा |
| ६. | योजना तथा अनुगमन शाखाबाट आ व २०८०।०८१मा सम्पादित कामको प्रतिवेदन अनुमोदन सम्बन्धमा। | योजना शाखा |
| ७. | यस आ.व. २०८०/८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा |
| ८. | कर्मचारीको स्तरवृद्धि गर्ने सम्बन्धमा। | कर्मचारी प्रशासन शाखा |
| ९. | गाउँ शिक्षक अनुदान व्यवस्थापन कार्यविधि २०८० संशोधन सम्बन्धमा। | |
| | विविध । | सबै |

<u>निर्णय नं.</u> (१)

प्रस्ताव नं. (१) माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका योजनाहरू सञ्चालन गर्न नियमानुसार हुने गरी संघीय समपुरक तथा विशेष अनुदान माग गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

समपुरकः

१. पचरङ सिककारीडाँडा सहरे हुँदै खानीखोला सडक वडा नं १० र ५ -रु५० लाख।
२. बोहोरीफाँट बाङरिङ डाँडाखर्कदेखि रिठ्ठे सडक वडा नं ९ -रु५० लाख।
३. बाहुनतिल्पुङ खोरभञ्ज्याङ्ग काउलेडाँडा मल्ल् चिउरीखानी सडक वडा नं ७र ८ -रु५० लाख।
४. हिराथुम्की मा वि आवासीय भवन निर्माण वडा नं ७ -रु५० लाख।
५. साँडेखोप कुर्थौली ढुङ्ग्रेगढी सडक निर्माण वडा नं ५ र १० -रु५० लाख।

विशेषः

१. लप्सेखोला लम्सार बस्तिपुर लाम्पनडाँडा खानेपानी आयोजना वडा नं ११ -रु१ करोड।
२. शाखाजोर लक्ष्मीनारायण मन्दिर संरक्षण वडा नं २-रु१ करोड।
३. पलाँसे गडाम्रे खानेपानी आयोजना वडा नं ६-रु१ करोड।
४. ऐतिहासिक ढुङ्ग्रेगढी संरक्षण वडा नं १०-रु१ करोड।

Scanned with CamScanner

५. पाटनदेवी मन्दिर संरक्षण वडा नं ३-रु१ करोड।
६. पोषणमैत्री स्थानीय तह घोषणा गरी महिला, बालबालिका र किशोरीहरूको पोषण अवस्था सुधार गर्ने। रु१ करोड बिस लाख।

<u>निर्णय नं.</u> (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८१।०८२ को लागि यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमका योजनाहरू सञ्चालन गर्न नियमानुसार हुने गरी प्रदेश समपुरक तथा विशेष अनुदान माग गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

समपुरकः

१. चकमके बजार गाउँपालिका भवन हुदै लाम्पनटार अस्पतालसम्म सडक स्तर उन्नती आयोजना वडा नं ११ -रु५० लाख।
२. साठिमुरे वडा कार्यालय हुदै काराङ बलिटार सडक आयोजना वडा नं १० र ९ -रु५० लाख।
३. गैरीखानी बिमराबोट हुदै महादेव गुफा सडक निर्माण वडा नं ६ -रु५० लाख।
४. फेदी खमारे बागखोर बोक्से सडक वडा नं ३ -रु५० लाख।
५. चकमके खेलमैदान निर्माण आयोजना वडा नं ११-रु५० लाख।

विशेषः

१. आधारभूत स्वास्थ्य इकाइ भवन निर्माण गडाम्रे वडा नं ६-रु१ करोड।
२. आधारभूत विद्यालय भवन निर्माण तीनपाटन बालाजोर वडा नं ४-रु१ करोड।
३. छर्छरे खानेपानी लिफ्ट आयोजना -रु१ करोड।

<u>निर्णय नं.</u> (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकामा कार्यरत करार सेवाका सबै कर्मचारीको करार सम्झौता आगामी २०८१ असार मसान्तसम्मका लागि नवीकरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिकाले कार्यालय तथा आवासको लागि गरेको घरभाडा सम्झौता मिति २०८० चैत्र मसान्तसम्मको लागि नवीकरण गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

<u>निर्णय नं.</u> (५)

Scanned with CamScanner

प्रस्ताव नं. (५) माथि छलफल गर्दा यस गाउँपलिकाको वडा नं ६ मा निर्माणाधिन वडा भवन निर्माण सम्पन्न गर्न थप समय माग गरी निवेदन दिएकोमा म्याद थपको कारण मनासिव रहेकोले थप तीन महिनाको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (६)

प्रस्ताव नं. (६) माथि छलफल गर्दा यस तीनपाटन गाउँपालिका अन्तर्गत योजना तथा अनुगमन शाखाबाट आ.व.२०८०।०८१मा सम्पादित कामको प्रतिवेदन स्वीकृत तथा अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

निर्णय नं. (७)

प्रस्ताव नं. (७) माथि छलफल गर्दा यस आ.व. २०८०/०८१ मा भएका सम्पूर्ण योजना तथा कार्यक्रममा हालसम्म भएका सम्पूर्ण खर्च अनुमोदन गर्ने निर्णय सर्वसम्मतिवाट पारित गरियो।

निर्णय नं. (८)

प्रस्ताव नं. (८) माथि छलफल गर्दा मिति २०८० पौष मसान्तसम्ममा बागमति प्रदेश निजामति सेवा ऐन बमोजिम योग्यता पुगेका यस तीनपाटन गाउँपालिका र मातहातका कार्यालयमा कार्यरत तपसिल बमोजिमका कर्मचारीहरूको नियमानुसार स्तरबृद्धि गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

तपसिलः

क. चौथोबाट पाँचौ तहमा स्तरबृद्धि हुने (स्वास्थ्य तर्फ)
  १. उषा कुमारी मगर (अ.न.मि)
  २. सरिता घिमिरे (अ.न.मि)
  ३. विद्या कोइराला (अ.हे.अ.)


ख. पाँचौ तहबाट छैटौं तहमा स्तरबृद्धि हुने (स्वास्थ्य तर्फ)
  १. पवित्रा बिक (हे.अ.)
  २. गंगा बहादुर बुढाथोकी (हे.अ.)

ग. पाँचौ तहबाट छैटौं तहमा स्तरबृद्धि हुने (प्रशासन तर्फ)
  १. सुरेश कुमार बराल

निर्णय नं. (९)

प्रस्ताव नं. (९) माथि छलफल गर्दा गाउँ शिक्षक अनुदान व्यवस्थापन सम्बन्धी कार्यविधि-२०८० संशोधन गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



Scanned with CamScanner

**विविध:**

क. यस तीनपाटन गाउँ कार्यपालिका, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख र प्रमुख प्रशासकीय अधिकृत समेतलाई विपक्षी तुल्याई यसै गाउँपालिका अन्तर्गत पाटनदेवि मा वि का शिक्षक शुक्र वहादुर घलानले अदालतको अवहेलना मुद्दा दायर गरेको थाहा जानकारी भएकोले उक्त मुद्दाको म्याद अड्डाबाटै बुझी प्रतिउत्तर पेस गरी तारेखमा रही मुद्दाको सम्पूर्ण आवश्यक कार्य गर्न यस तीनपाटन गाउँपालिका वडा नं २ निवासी वर्ष ४२ की सुविना श्रेष्ठलाई अख्तियारनामा दिने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

ख. यस तीनपाटन गाउँपालिका र नेपाल स्वास्थ्यको लागि पानी (नेवा) को साझेदारीमा सञ्चालन हुने तिल्पुङ बजार खानेपानी तथा सरसफाई आयोजना सञ्चालन गर्नको लागि उक्त संस्थासँग सम्झौता गरी यस गाउँपालिकाको समपुरक कोषबाट लागत साझेदारी वमोजिमको रु१५,००,०००।-(अक्षरेपी पन्ध्र लाख मात्र) कार्य सम्पन्न भएपछि भुक्तानी गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

Scanned with CamScanner